जिल्ला समन्वय समितिको कार्यालय
कास्की
२०७३

# समन्वय कार्यविधि, २०७९

## जिल्ला समन्वय समिति
## कास्की

नवराज बराल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
कास्की

# समन्वय कार्यविधि, २०७९

सङ्घ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य, सम्पादन हुने कार्य तथा प्रचलित कानून ब तोकीएका अन्य कार्यको सङ्घ, प्रदेश र स्थानीय तहहरूमा समन्वय गर्नको लागि स्थानीय सरकार सञ्चालन २०७४को दफा ९२ (४) ले दिएको अधिकार प्रयोग गरी जिल्ला सभा कास्कीले यो समन्वय कार्यविधि, २०७९ गरिएको छ ।

## परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भः १.१ यस कार्यविधिको नाम समन्वय कार्यविधि, २०७९ रहनेछ ।

१.२ यो कार्यविधि जिल्ला सभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "संविधान" भन्नाले नेपालको संविधानलाई बुझाउँछ ।

ख) "ऐन" भन्नाले प्रचलित ऐन कानूनलाई बुझाउँछ ।

ग) "विशेष ऐन" भन्नाले निम्न ऐनलाई बुझाउँछ ।

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

२) स्थानीय तहको सभा सञ्चालन कार्यविधि ऐन, २०७५

३) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७

घ) "समिति" भन्नाले समन्वय समितिलाई बुझाउँछ ।

ङ) "अध्यक्ष" भन्नाले जिल्ला समन्वय समितिको प्रमुखलाई बुझाउँछ ।

च) "सदस्य" भन्नले समन्वय समितिका सदस्यलाई बुझाउँछ ।

छ) "आमन्त्रित सदस्य" भन्नाले समन्वय समितिको बैठकबाट मनोनित सदस्यहरूलाई जनाउँछ ।

ज) "विषयगत सदस्य" भन्नाले सम्बन्धीत विषयवस्तुसँग सम्बन्धीत कार्यालय प्रमुखलाई जनाउँछ ।

झ) "समन्वय" भन्नाले अनेक कुराको आपसी सम्बन्ध, कार्य-कारणको सङ्गति वा सम्बन्धलाई बुझाउँछ ।

## परिच्छेद-२

३. समन्वय सम्बन्धी संवैधानिक तथा कानूनी आधार

३.१ संवैधानिक आधार

क) नेपालको संविधानको धारा २२० (७) (क) मा जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच समन्वय गर्ने,

नवराज बराल
जिल्ला समन्वय अधिकारी

३.२ कानुनी आधार

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९५ मा सङ्घ, प्रदेशका कार्यालयहरूले जिल्ला स समितिको समन्वयमा काम गर्नुपर्ने,

ख) स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन,२०७५, को दफा ३७(क) जिल्लाभित्रका गाउँपालिक नगरपालिकाबिचको विकास निर्माणका विषय समन्वय गर्ने,

ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घीय सरकारसँग स गर्ने,

घ) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने ।

४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा (२६) बमोजिम जिल्ला स समितिले समन्वय गर्ने/जिल्ला समन्वय समितिले देहायका विषयमा समन्वय गर्नेछ ।

क) सङ्घ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य,

ख) जिल्लामा रहने सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यलय तथा स्थानीय तहबाट सम्पादन हुने कार्य,

ग) प्रचलित कानून बमोजिम तोकीएका अन्य कार्य ।

## परिच्छेद-३

५. सङ्घ, प्रदेश र स्थानीय तहबिचका समन्वयका आधार

५.१ नेपालको संविधान, नेपाल कानून र प्रचलित ऐन कानून बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबिच निम्न अ सम्बन्धका आधारमा समन्वयका आधारहरू देहाय बमोजिम रहेका छन् ।

क) सन्तुलित र समन्यायिक विकासका कार्य,

ख) राष्ट्रिय हितका आधारभूत विषय,

ग) राष्ट्रिय गौरव र एकताको संरक्षण,

घ) मौलिक हकको कार्यान्वयन,

ङ) राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान,

च) नेपाली नागरिकबिच समान व्यवहार र सुरक्षा,

छ) प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण,

ज) कानून, नीति र न्यायिक वा प्रशासनिक निर्णय कार्यान्वयनमा आपसी समन्वय, परामर्श सहयोग तथा सूचना आदान प्रदान,

झ) प्राकृतिक, भौतिक तथा वितिय स्रोतको दिगो व्यवस्थापन र लाभको न्यायोचित वितरण,

नवराज पराल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
कास्की

ञ) भ्रष्टचार निवारण र सुशासन प्रवर्द्धन,

ट) पारस्परिक सहयोग र सहकार्य,

ठ) नागरिकलाई प्रदान गर्ने सेवाको प्रभावकारिता,

ड) सहलगानीका योजनाहरु,

ढ) अन्तर स्थानीय तह सहकार्य र समन्वय ।

## परिच्छेद-४

### ६. समन्वय गर्नुपर्ने विषय

६.१ नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यालयहरूले निम्न विषयको जिल्ला समन्वय समितिसँग समन्व गरी कार्य गर्नुपर्ने छ ।

क) अन्तर स्थानीय तह सहकार्य र समन्वय (प्राकृतिक स्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्ष तथा फोहोरमैला व्यवस्थापन, आपतकालिन सेवा व्यवस्थापन, राजश्व संकलन आदी),

ख) सहलगानीका योजनाहरू (ल्याण्डफिल साइट, अग्नी नियन्त्रण, सडक हरियाली, प्लाष्टिक नियन्त्रण, स्वास्थ्य शिक्ष रङ्गशाला खेलकुद, पर्यटन, बोटानिकल गार्डेन, नदी नियन्त्रण, सिंचाई, खानेपानी आदी),

ग) अन्तर सरकारी समन्वय तथा सहजीकरण,

घ) अन्तर स्थानीय तह साझेदारी,

ङ) विकास निर्माण सम्बन्धी कार्यमा सहजीकरण गर्ने,

च) राष्ट्रिय गौरव, प्रदेश गौरव र स्थानीय तहका गौरवका योजनाहरू समयमै सम्पन्न गर्ने,

छ) स्थानीय तहका सभाबाट पारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्न,

ज) दिगो विकासका लक्ष्यहरू पूरा गर्न गराउन,

झ) सरकारी र गैरसरकारी निकायका कार्यक्रमहरूमा तालमेल मिलाउन ।

नवराज बराल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
कास्की
२०७३

परिच्छेद-५

७. समन्वय समितिको गठन

७.१ जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा निम्न सदस्यीय रहने गरी एक समन्वय समिति गठन हुनेछ

| | |
|---|---|
| जि.स.स प्रमुख | -संयोजक |
| जि.स.स. उपप्रमुख | -सदस्य |
| जि.स.स. प्रमुखले तोकेको कम्तीमा एक महिलासहित २ जना सदस्य | -सदस्य |
| सम्बन्धित स्थानीय तहका प्रमुख/अध्यक्षहरू | -सदस्य |
| जि.स.स.को सम्बन्धीत विषयगत क्षेत्र हेर्ने सदस्य | -सदस्य |
| विषयगत कार्यालय प्रमुख | -सदस्य |
| गैरसरकारी संस्था महासंघ कास्कीको प्रमुख | -सदस्य |
| समन्वय समितिले मनोनित गरेका नागरिक समाजका कम्तीमा एक महिलासहित २ जना सरोकारवाला निकायको प्रमुख | -सदस्य |
| जिल्ला समन्वय अधिकारी | -सदस्य-सचिव |

क) समितिले आवश्यकतानुसार विज्ञ सदस्यलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ । समितिको बैठक सम कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ,

ख) ५१ % सदस्य उपस्थित भएपछि बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

ग) यस समितिको बैठक त्रैमासिकमा एक पटक र आवश्यकता अनुसार बस्न सक्नेछ ।

७.२ समन्वय समितिको काम, कर्तव्य र अधिकार

समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछन्:

क) नीति निर्माण गर्दा निम्न विषयगत सरोकारवाला पक्षहरूबिच छलफल, बहसपैरवी र अन्तरक्रिया चलाउने ।

१) नीतिको प्राथमिकता र सोच,

२) विषयवस्तु निर्धारण,

३) नीति, विकास र संरचनागत विषयको स्पष्टता,

४) नीतिगत समावेश हुनुपर्ने अपरिहार्य पक्ष र गुणस्तरियता,

५) नीति विकास र संरचनागत विषयको स्पष्टता,

६) नीति विश्लेषणको तरीका तथा नीति कार्यान्वयनको लागि तर्जुमाका बखत गरिनुपर्ने आवश्यक कार्य नीति वैधता र प्रभावकारिता ।

जयराज ...
जिल्ला समन्वय अधिकारी

ख) स्थानीय तहबाट सभामा पेश हुने नीति तथा कार्यक्रमको बारेमा छलफल गर्ने,

ग) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट राखिएका कार्यक्रम, योजना र बजेटमा दोहोरोपना हुन नदि

घ) राष्ट्रिय गौरव, प्रदेश गौरव र स्थानीय गौरवका योजना समयमै सम्पन्न गर्न सरोकारवाला पक्षसँग समन्वय गराउने,

ङ) योजना, आयोजना र कार्यक्रमहरू बजेटसँग तादाम्यता रहे नरहेको विश्लेषण गर्ने,

च) विषयगत कार्यालयहरूले बनाउने नीति तथा कार्यक्रमलाई दिगो विकासका लक्ष्यहरूसँग तादाम्यता मिलाई प्राप्त गर्ने तर्फ अग्रसर भै प्राथमिकता दिँदै जाने,

छ) विषयगत कार्यालयहरूले आफ्ना कार्यक्रमहरू स्वीकृत गर्नपूर्व र स्वीकृत पश्चात समन्वय समितिको जानकारी र समिक्षा गर्ने गराउने,

ज) विषयगत कार्यालयहरूबाट भैरहेका काम कारवाहीमा रही कुनै बाधा अडकाउ परेमा सो फुकाउन सहजीक समन्वय गर्ने,

झ) सुशासन (सञ्चालन र व्यवस्थापन) ऐन, २०६४ मा पारदर्शी, जवाफदेही, छिटोछरितो, मितव्ययी, एकरूपता गर्ने भएका व्यवस्थालाई पूर्णरूपमा कार्यान्वयनमा ल्याउन सरोकोरवालासँग समन्वय गर्ने,

ञ) सरकारी, गैरसरकारी र निजी विषयमा विवाद उत्पन्न भै सो को उजुरी/गुनासो/सिकाएत प्राप्त भएमा प्रचलि कानूनको परिधिभित्र रही विवाद समाधानार्थ सम्वद्ध पक्षसँग समन्वयात्मक पहल गर्ने,

ट) सबै सरकारी कार्यालयका कर्मचारी वर्ग, राजनीतिक दल, नागरिक समुदाय र नागरिक समाज, निजी व्यावसायिक समुदाय, आम संचारजगत अन्तर्राष्ट्रिय विकास समुदायहरूसँग कास्की जिल्लाको समग्र विकास नि सहयोग पुऱ्याउन समन्वयकारी भूमिका खेल्ने,

ठ) तीनै तहका सरकारहरूकोबिचमा समन्वयात्मक रूपमा सञ्चालित कार्यक्रमको सूची अध्ययन र विश्लेषण सूझाव दिने,

ड) सङ्घीय, प्रदेश र स्थानीय तहका आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नुपर्ने विषयमा छ गरी उपयुक्त निकासा दिने,

ढ) वार्षिक विकास र कार्यक्रमको प्रगति समिक्षा सबै निकायबाट लिने,

ण) स्थानीय तहहरूबिच साझेदार भएका विषय, सङ्घ र प्रदेश, सङ्घ र स्थानीय तह, प्रदेश र स्थानीय तहबिच सा भएका नीति तथा कार्यक्रमको प्रभावकारिता अध्ययन गरी पृष्ठपोषण दिने ।

नवराज बराल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
कास्की
२०७३

परिच्छेद-६

८. समन्वयका विषयगत क्षेत्रहरू

८.१ जिल्ला समन्वय समितिको बैठकले सदस्यहरूलाई विषयगत क्षेत्रमा समन्वय र सहजीकरण गर्न तोकी पठाउने

८.२ जिल्ला समन्वय समिति, कास्कीका सदस्यहरूले हेर्ने विषयगत क्षेत्र देहाय बमोजिम रहेका छन् ।

क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ-संस्था तथा रेडक्रस समन्वय क्षेत्र,
ख) उद्योग, वाणिज्य, पर्यटन तथा सहकारी क्षेत्र,
ग) वन तथा वातावरण, उर्जा, खानेपानी तथा सरसफाई क्षेत्र,
घ) योजना नीति निर्माण, कृषि, भूमि व्यवस्थापन तथा भौतिक पूर्वाधार क्षेत्र,
ङ) शिक्षा, खेलकुद, संस्कृति तथा पुरातात्विक महत्त्वका क्षेत्र,
च) सामान्य प्रशासन, प्रहरी, न्याय समन्वय तथा नगर विकास क्षेत्र,
छ) महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक र सामाजिक सुरक्षाका क्षेत्र,
ज) श्रम तथा रोजगार, प्राकृतिक स्रोत व्यवस्थापन, विपद् व्यवस्थापन तथा यातायात क्षेत्र ।
झ) निर्वाचन क्षेत्र (संघीय) अन्तर्गत प्रदेश निर्वाचन क्षेत्रको समग्र अनुगमनका लागि तत् क्षेत्र मिलाई सदस्यहरुलाई भूमिका जिम्मेवारी दिने ।

परिच्छेद-७

९. सङ्घ, प्रदेशका सरकारी कार्यालय र स्थानीय तहको कर्तव्य

९.१ सङ्घ, प्रदेशका सरकारी कार्यालय तथा स्थानीय तहका पालिकाको कर्तव्य देहाय बमोजिम हुनेछन् ।

क) नेपालको संविधान र प्रचलित कानून बमोजम आफ्नो कार्यालयले सम्पादन गर्ने कार्यको बारेमा समन्वय समितिलाई जानकारी गराउने,
ख) कार्यालयको वार्षिक नीति तथा कार्यक्रम र बजेटका प्राथमिकता निर्धारणको लागी समन्वय समितिमा छलफल गर्ने,
ग) आ-आफ्नो कार्यालय/निकायबाट सम्पादित काम कारवाहीहरूको चौमासिक प्रगति विवरण समन्वय समितिमा छलफल गराउने,
घ) एक कार्यालय र अर्को कार्यालयबिच समन्वय गर्नुपर्ने बहुपक्षीय सरोकारका विषयहरूमा समन्वय समितिमा छलफल गरी निकासा लिने,
ङ) स्थानीय तहबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र बजेट समन्वय समितिमा पेश गर्ने,
च) स्वीकृत कार्यक्रम र बजेट कार्यान्वयनको कार्यक्रम तालिका बनाई समन्वय समितिमा पेश गर्ने ।

नवराज बराल
जिल्ला समन्वय अधिकारी

छ) स्थानिय तहले आफ्नो नीति, कार्यक्रम, योजना तर्जुमा निर्माण, समिक्षा, अनुगमन जस्ता कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्यहरुलाई अनिवार्य आमन्त्रण गरी सहभागी गर्ने गराउने ।

ज) जिल्ला समन्वय समितिका सदस्यहरुले स्थानीय तहका समिक्षा, बैठक, अनुगमनमा भाग लिएको सम्बन्धमा भएका काम कारवाहीको लिखित प्रतिवेदन जिल्ला समन्वय समितिमा पेश गर्ने गराउने ।

----------*----------

नवराज बराल
जिल्ला समन्वय अधिकारी